# ललितपुर महानगरपालिका

## पुल्चोक ललितपुर, बागमती प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२६ दरखास्त बुझाउने अन्तिम मितिः २०८३/०४/०८)

यस ललितपुर महानगरपालिकामा तपसिल बमोजिमका पदमा करार सेवामा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र उम्मेदवार स्वयंले प्रमाणित गरेको कागजातहरु सहित दरखास्त फारम बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फारम बुझाउने मितिको अन्तिम दिन सार्वजनिक बिदा परेमा विदाको भोलिपल्ट दरखास्त फारम बुझाउन सकिनेछ ।

| विज्ञापन नं. | पद | तह | खुल्ला तथा समावेशी | पद सङ्ख्या |
|---|---|---|---|---|
| १/८२/८३ | हेल्थ असिस्टेन्ट (महानगरबाट सञ्चालित चिकित्सक सहितको निःशुल्क एम्बुलेन्स सेवाको लागि) | पाँचौं | खुल्ला | ३ |
| | | | स्थानीय | १ |
| | | | महिला | १ |
| | | | आदिवासी जनजाती | १ |
| २/८२/८३ | कम्प्युटर अपरेटर | पाँचौं | खुल्ला | २ |
| | | | स्थानीय | १ |
| | | | महिला | १ |
| | | | आदिवासी जनजाती | १ |
| ३/८२/८३ | तामेलदार | चौथौं | खुल्ला | २ |
| ४/८२/८३ | हेभी सवारी चालक | तहविहिन | खुल्ला | २ |
| | | | स्थानीय | १ |
| | | | महिला | १ |
| ५/८२/८३ | हलुका सवारी चालक | तहविहिन | खुल्ला | ७ |
| | | | स्थानीय | २ |
| | | | महिला | ३ |
| | | | आदिवासी जनजाती | २ |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः

क. हेल्थ असिस्टेन्ट पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण। एम्बुलेन्स आकस्मिक चिकित्सकीय प्राविधिक तालिम प्राप्त स्वास्थ्यकर्मीलाई विशेष प्राथमिकता दिईनेछ।

ख. कम्प्युटर अपरेटर पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट कम्प्यूटर विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको।

ग. तामेलदारः एस.ई.ई. वा सो सरह उत्तीर्ण भएको।

घ. हेभी सवारी चालकको लागिः साधारण लेखपढ र हेभी सवारी चालक अनुमति पत्र प्राप्त गरी कम्तिमा ५ वर्षको अनुभव भएको।

ङ. हलुका सवारी चालकको लागिः साधारण लेखपढ र **“F”** वर्गको सवारी चालक अनुमति पत्र प्राप्त गरी कम्तिमा ५ वर्षको अनुभव भएको।

२. दरखास्त दस्तुरः पाँचौ तहका पदको लागि रु. ७००|- (सात सय रुपैया) र चौथौं तह तथा तहविहिन पदको लागि रु. ५००।- (पाँच सय रुपैया)। साथै प्रत्येक समावेशी समूहको लागि थप रु १५० (एक सय पचास)।

३. उम्मेदवारको उमेर हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको।

४. तलब तथा अन्य सुविधाः महानगरपालिकाको नियमानुसार ।

५. करार अवधीः २०८३ पुष मसान्त सम्म ।

६. दरखास्तको लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

क. दरखास्त फारम-१ प्रति

ख. न्यूनतम शैक्षिक योग्यताको छाँयाप्रतिहरु-१ प्रति

ग. नागरिकताको छाँयाप्रति-१ प्रति

घ. हालसालै खिचेको पासपोर्ट साइजको फोटो-३ प्रति

ङ. सवारी चालकको हकमा सवारी चालक अनुमती पत्र तथा हेल्थ असिस्टेन्टको हकमा नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता/नविकरण भएको प्रमाणपत्र।

च. तालिम तथा सम्बन्धित क्षेत्र वा विषयको अनुभव सम्बन्धी कागजातको प्रतिलिपि।

७. दरखास्त दस्तुर र दस्तुर बुझाउने स्थानः यस कार्यालय हाताभित्र रहेको नेपाल बैंक लि. को राजश्व खाता नं. ०१८०३००००००१००१००००००१ मा दस्तुर जम्मा गरेको भौचर अनुसारको सक्कल नगदी रसिद दरखास्त फारम साथ वुझाउनुपर्नेछ।

८. दरखास्त फारम बुझाउने स्थानः ललितपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पुल्चोक ललितपुर ।

९. परीक्षाको किसिम/ छनौटको आधारः वि.न. १ र ३ को हकमा लिखित परीक्षा र अन्तर्वार्ता। वि.न. २ को हकमा लिखित परीक्षा, प्रयोगात्मक र अन्तर्वार्ता। वि.न. ४ र ५ को हकमा प्रयोगात्मक र अन्तर्वार्ता ।एक चरणमा सफल उम्मेदवारलाई मात्र अर्को चरणको छनौट प्रक्रियामा समावेश गरिनेछ।

१०. परीक्षाको लागि पाठ्यक्रमः कार्यालयको वेवसाइट https://lmc.gov.np/ बाट प्राप्त गर्न सकिनेछ ।

११. दरखास्त फाराम यस कार्यालयको वेवसाइट बाट प्राप्त गर्न सकिनेछ ।

१२. परीक्षाको कार्यक्रमः परीक्षा कार्यक्रम तथा परिक्षा केन्द्र पछि प्रकाशन गरिनेछ ।

१३. यस सम्बन्धी थप जानकारीको लागि ललितपुर महानगरपालिकाको सामान्य प्रशासन महाशाखामा सम्पर्क गर्न सकिनेछ।

(पुनश्चः ललितपुर महानगरपालिकाको स्थायी बासिन्दा र अनुभवी उम्मेदवारलाई विशेष प्राथमिकता दिईनेछ।)

सदस्य सचिव
पदपूर्ति समिति